।।श्री।।

# उच्च अदालत विराटनगर

## (प्रशासन शाखा)

रजिष्ट्रार :- ५१७१९७
प्रशासन :- ५१२८०२
Email:
info.hcbiratnagar@supremecourt.gov.np
appealcourt.brt@gmail.com
Website: www.supremecourt.gov.np

पत्र संख्या :- ०७७।७८
चलानी नं. :- १२३२४

मिति :-२०७८/२/२

श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, १ नं. प्रदेश।
श्री उच्च सरकारी वकील कार्यालय, विराटनगर ।
श्री उच्च अदालत वार एशोसियसन, विराटनगर ।
श्री मोरङ्ग जिल्ला अदालत वार एशोसियसन, विराटनगर ।
श्री सुनसरी जिल्ला अदालत वार एशोसियसन, इनरुवा ।

O/C

**विषय : निर्णयको जानकारी पठाइएको।**

हाल विश्वभर नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण बढीरहेको र नेपालमा पनि देशव्यापी रुपमा तीव्र गतिमा यसको प्रभाव फैलिरहेको र सो संक्रमणबाट यस जिल्ला समेत आक्रान्त बनेको समेतलाई ध्यानमा राखी सो को जोखिम नियन्त्रण र रोकथामका लागि सरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु पनि आवश्यकता अनुसार संकुचन गर्न नेपाल सरकारबाट मिति २०७८/१/६ मा आदेश जारी भएको र यस जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय, मोरङ्गको मिति २०७८।१।१७ को निर्णय अनुसार मिति २०७८/१/१८ गते मध्यराती देखि लागू हुने गरी निषेधाज्ञाको आदेश जारी भएको र हाल सो निषेधाज्ञा मिति २०७८।२।११ सम्म कायम रहने पुनः निर्णय भएको हुँदा जिल्ला प्रशासन कार्यालय, मोरङ्गबाट जारी भएको 'निषेधाज्ञाको अवधिभर यस अदालतबाट प्रवाह हुने सेवाहरुका सम्बन्धमा यस अघिको बैठकबाट सेवा संकुचन गरिएकोमा सो सम्बन्धमा पुनः छलफल गर्न माननीय मुख्य न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा आज मिति २०७८/२/२ मा बसेको बार वेन्च समन्वय समितिको बैठकबाट देहाय बमोजिम हुने गरी निर्णय गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**निर्णय :–**

१. देहाय बमोजिमका काम कारबाही र सेवाहरु पूर्ववत सुचारु रहने -
   क. बन्दीप्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाइ,
   ख. पक्राउ पूर्जी अनुमति, जरुरी पक्राउ पूर्जीको स्वीकृति र म्याद थपको कारबाही,
   ग. अभियोग पत्र दर्ता र थुनछेकको कारबाही,
   घ. मिलापत्र र मुद्दा फिर्ता,

ङ. मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम पर्ने निवेदनहरुको दर्ता र सुनुवाइ,

च. बालबालिकासंग सम्बन्धित निवेदनहरुको सुनुवाइ,

छ. कोभिड-१९ सँग सम्बन्धित रिट निवेदनहरुको दर्ता र सुनुवाई,

२. रिट निवेदनको दर्ता र एकल इजलासबाट हुने सुनुवाइ मिति २०७८।२।३ गतेबाट प्रारम्भ हुने,

३. मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ७३ नं बमोजिम पर्न आएका र पर्ने थुनुवाका निवेदनहरुको दर्ता र थुनुवा एवं थुनुवासँगका लगाउका प्रतिवेदनहरुको सुनुवाइ मिति २०७८।२।१२ गते बाट गर्ने।सो को प्रयोजनका लागि त्यस्ता निवेदन/प्रतिवेदनहरुमा रहनु भएका कानून व्यवसायीहरुको नामावली सहितको सूची सम्बन्धित बार इकाइमा पठाउने।निवेदन/प्रतिवेदनहरुको सुनुवाइ गराउन चाहने पक्ष वा कानून व्यवसायीले यस अदालतका शाखा अधिकृत श्री ओम सुवेदीलाई मोबाइल नं. ९८५२०३४५२६ मा अग्रिम जानकारी गराउनु पर्ने।

४. प्रतिवेदनहरुको सुनुवाई प्रत्येक हप्ताको विहिबार र शुक्रबार हुने।

५. माथि उल्लेख गरिए देखि बाहेकका यस अदालतबाट प्रवाह हुने अन्य काम कारबाही र सेवाहरु स्थगन हुने,

६. सेवा स्थगन भएको अवधिमा पर्ने हदम्याद, म्याद र तारिख नगुज्रने,

७. सेवा स्थगन भएको अवधिमा संचालनमा रहने सेवाका लागि आवश्यक पर्ने संख्यामा मात्र न्यायाधीश र कर्मचारीहरु अदालतमा उपलब्ध हुने गरी आलो पालो प्रणाली अपनाई भिडभाडलाई नियन्त्रण गर्ने,

८. सुचारु हुने सेवाका सिलसिलामा उपस्थित हुनु हुने कानून व्यवसायी र सम्बन्धित पक्षहरुलाई यस अदालतबाट जारी सुरक्षा मापदण्ड पालनाका लागि अनुरोध गर्ने र अनावश्यक रुपमा हुने भिडभाडलाई नियन्त्रण गर्ने,

९. आउने दिनहरुमा भिडभाडलाई कम गर्ने उद्देश्यले भर्चुअल विधिबाट बहस पैरवीको निमित्त आवश्यक प्राविधिक तयारी गर्ने र मिति २०७८।२।१२ पछि हुने सुनुवाईमा यथाशक्य भर्चुअल प्रविधि प्रयोग गर्ने।

(मणिराम पोखरेल)

उप-रजिष्ट्रार

उप-रजिष्ट्रार